# १३ जब सबै थोक नयाँ र ताजा हुनेछ

*यस अध्यायको निम्ति पढ्नुहोस्:* १ थेसलोनिकी ४:१६-१८, प्रकाश २०, १ कोरन्थी ४:५, रोमी ८:२०-२२, प्रकाश २१:११-२२:५, प्रकाश २१:३।

*कण्ठ गर्नुपर्ने पद:* "'तिनीहरूको आँखाका आँसु उहाँले (परमेश्वर) नै पुछिदिनुहुनेछ। त्यहाँ न त मृत्यु नै हुनेछ, न त दिग्दारीपना हुनेछ। त्यहाँ कुनै रुवावासी हुनेछैन। दुःखकष्ट वा वेदनाको नाम निशानै त्यहाँ हुनेछैन। अहिले जे भइरहेको छ त्यो अवस्था त्यहाँ पतक्कै दोहोरिने छैन।' " (प्रकाश २१:४ रुपान्तरित)।

मूल तर्क: सहस्र वर्षको अर्थ के हो? त्यो कहिले हुनेछ र त्यसले कतातिनर दोऱ्याउँछ?

बिलायतका प्रशिद्ध इसाई चिन्तक थोमस मोरले (१४७८-१५३५) अङ्ग्रेजीमा एउटा शव्द कोरेका थिए। त्यो शव्द थियो युटोपिया (utopia)। त्यसको अर्थ काल्पनिक आदर्शराज्य हो। आदर्शमय र शिद्ध सामाजिक र विधि अनुसार चलेको काल्पनिक टापुको बारेमा वर्णन गरि त्यस युटोपिया शव्द चलाइएको थियो। तर शिद्ध समाज असम्भव छ भनेर तर्क गर्दै युटोपिया वा आदर्शराज्य भन्ने शव्द प्रायजसो मानिसहरूले चलनचल्तिमा ल्याएको पाइन्छ। संसारको विभिन्न समाजमा र इसाई क्षेत्रमा पनि आदर्शराज्य वा युटोपिया राज्य स्थापना गर्न विभिन्न मानिसहरूले भरमग्दुर प्रयास गरेको वा गरिरहेको सबैलाई थाहा छ। तर मानव निर्मित आदर्शराज्य जहिले पनि भयङ्कररूपमा असफल भएको पाइएको छ।

तर पक्का वा सत्य आदर्शराज्यको (युटोपिया) बारेमा बाइबलले स्पष्टरूपमा सिकाउँदछ। साँच्चिकै भनौं भने त्रीएक परमेश्वरको लक्ष्य नै अदनको बँगैचामा खस्किएको मानव समाजको निम्ति सत्य आदर्शराज्य वा युटोपिया स्थापना गर्नु हो। परमेश्वरले सुरूमै सृष्टि गर्नुभएको युटोपिया वा आदर्शसमाजमा मानिसहरूलाई फर्काउने उहाँको प्रवल चाहना हो।

त्यो समय आउनेछ जब ख्रीष्टले मानिसको मुक्तिको निम्ति स्वर्गको मन्दिरमा गरिरहनुभएको पुजारीको कामको अन्त्य गर्नुहुनेछ। त्यो काम सकेपछि उहाँले आफ्नो असली तेजश्विमय रूप धारण गर्दै यस पृथ्वीमा दोस्रो पल्ट ओर्ल्हनुहुनेछ। अनि निमेषको भरमा मरेका सन्तहरूलाई बौऱ्याएर जीवितहरूसँगै स्वर्गमा लानुहुनेछ। अनि ती सबै जनाले प्रभु येशूसँग स्वर्गमा हजार वर्षसम्म राज गर्नेछ।

त्यो समयलाई मिलेनिइम (**millennium)** अर्थात् सहस्रवर्ष वा स्वर्णयुग भनेर हामी सम्वोधन गर्दछौं। त्यस मिलेनिइम भन्ने शव्द लाटिन भाषाबाट प्रयोग गरिएको हो। यथार्थ सहस्रवर्ष वा आदर्शराज्यको सुरुवात त्यस बेलामात्रै हुनेछ जब येशू यस संसारमा दोस्रोपल्ट आउनुहुनेछ। त्यो आदर्शराज्य वा युटोपिया कुनै मानिसले कल्पना गरेको जस्तो नभएर मानिस पतित हुनुभन्दा अघि अदनको बँगैचामा उसले उपभोग गर्न पाएका जस्तै हुनेछ।

## १. सहस्र अर्थात् हजार वर्षको सुरूदेखि हुने घट्नाहरू (१ थेसलिनिकी ४:१६-१८)

उहाँका जनहरूको निम्ति परमेश्वरले स्थापना गर्नुहुने आदर्शराज्य वा युटोपिया सहस्रवर्षको सुरूदेखि सुर हुन्छ। त्यसकारण त्यो वर्ष कहिले सुरू हुन्छ र ती वर्षहरूमा के हुन्छ भन्ने ज्ञानमा उत्सुक्ता हुनु स्वभाविकै हो। मिलिनियम अर्थात् सहस्रवर्षको धारणा प्रकाश २०मा देखापर्दछ। पद २देखि ७ सम्ममा छपल्ट त्यसको अवधारणा उल्लेख गरेको छ। यदि प्रकाश २० अध्यायमा उल्लेखित सहस्रवर्षको तालिका वा समयलाई जान्न चाहन्छौं भने त्यो समयसम्म पुग्ने प्रकाशको पुस्तकमा लेखिएको गतिविधिको बारेमा जान्नु आवश्यक छ। हुन त प्रकाशको पुस्तकमा उल्लेख गरिएको समय तालिका सिधा छैन। यद्यपि सहस्रवर्ष वा परमेश्वरका जनहरूको निम्ति स्थापना गरिने आदर्शराज्यको सुरू कहिले हुन्छ भन्ने समय जान्न त्यत्ति कठिन छैन।

त्यहि सन्दर्भमा १ थेसलोनिकी ४:१६-१८सँग प्रकाश २० तुलनात्मक रूपमा पढ्नुहोस्। ती दुवै अंशहरूमा विश्वासी जनहरूको पुनरुत्थान हुन्छ भनेर उल्लेख गरिएका छन्। ती दुवै अंशहरूले

सहस्रवर्षको समय कहिले हुन्छ भनेर थाहा पाउन कसरी सहयोग गर्दछन्? ती दुवैमा के घट्नाक्रमहरू जोडिएका छन्?

येशूको दोस्रो आगमनको केहि समय पहिले तिन शक्तिहरू बहुराष्ट्रियरूपमा मिलेर ख्रीष्टको काम र उहाँका जनहरूसँग आक्रमण गर्न गर्नेछन् (प्रकाश १६:१३)। ती शक्तिहरूमा ड्रागन वा अजिङ्गर रूपी सैतान, सैतानको शक्ति पाएका पशु र झुठा वा नकावधारी भविष्यवक्ता अर्थात् धर्मगुरूहरू हुन्। ख्रीष्टको दोस्रो आगमनको समयमा (प्रकाश १९:११) ख्रीष्टसँग युद्ध गर्नु बहुराष्ट्रहरू जम्मा हुनेछन्। तर त्यस युद्धमा पशु र कठित भविष्यवक्ता वा धर्मगुरूहरूको सखाप हुनेछन् (प्रकाश १९:१९,२०)। अनि प्रकाश २० अध्यायमा तेस्रो शक्ति अजिङ्गर वा ड्रागनरूपी सैतानको अन्त्य कहिले हुन्छ भनेर देखाउँदछ। ख्रीष्टमा मर्नेहरू नयाँ जीवन दिन बिउँताइनेछन्। प्रकाश २०:५ अनुसार त्यो पुनरुत्थान पहिलो हो। त्यस समय अजिङ्गर वा ड्रागनरूपि शैतानलाई पकडेर अतल कुण्डमा हजार वर्षसम्म फैंकिनेछ (प्रकाश २०:१-३)। अतल कुण्ड एक प्रतिक हो। त्यो यहि पृथ्वी हो जो मरुभुमीमा परिणत हुन्छ र सैतानलाई यस पृथ्वीबाट कहिँपनि उम्कन दिनेछैन।

केहि ती अचम्म घट्नाहरू १ थेसलोनिकि ४:१६-१८ र २ थेसलोनिकी १:७-९मा चित्रण गरिएकाछन्। ती पदहरूले सहस्रवर्षको सुरूमा के हुन्छ भनेर वाख्या गर्न सहयोग गर्दछन्।

सहस्रवर्षको सुरू नै ख्रीष्टको दोस्रो आगमनमा हुन्छ। जीवित विश्वासीहरूसँग मिल्न ख्रीष्टमा मर्नेहरूको पुनरुत्थान हुनेछ। अनि दुवै समूहलाई स्वर्गमा लगिनेछ। ख्रीष्टको आगमनमा बाँचिरहेका दुष्टहरूचाहिँ उहाँको आगमनको चमकले मरिनेछ (२ थेसलोनिकी २:८)। अनि यस बाँझो पृथ्वी सैतानको निम्ति झ्यालखाना हुनेछ। यस पृथ्वीमा कुनै मनुष्य वा जीवित जीवात हुनेछैन। सैतान एक हजारवर्षसम्म सिक्रीले बाँधिनेछ। यस पृथ्वीमा सैतानलाई किन यस्तो अधोगतिमा राखिन्छ भन्दा अरू राष्ट्र वा जगतको अरू देशहरूका जनहरूकहाँ गएर आफ्नो छलकपटको जालो फेलाउन नदिन हो (प्रकाश २०:३ रूपान्तरित)। लैव्य १६:२२मा उल्लेख गरिएको प्रायश्चितको दिन वा डे अभ आटोनमेन्टमा जङ्गलमा

**छोडिएको बाख्रासँग सहस्रवर्षमा सैतानलाई थुनिने घट्नासँग धेरैले गाँसेको पाइन्छ।**

ती पदहरूमा उल्लेख गरिएका घट्नाहरू फेरि पढ्नुहोस्। असहाय र कमजोर मानिसहरूको उल्टो परमेश्वरको महानता र शक्तिको बारेमा त्यहाँ चर्चा गरिएकाछन्। मानिस र परमेश्वरको बीचमा रहेको भिन्ना भिन्नै शक्तिको महत्त्वपूर्ण भिन्नतालाई हामीले कसरी सम्झिरहने? मानिसमा रहेको अहँताको भावना व आफ्नो भाऊलाई माथि राख्ने मनस्थितिलाई त्यस भिन्नताबाट कसरी हटाउन सक्दछ?

## २. सहस्रवर्षको दौरानमा के हुन्छ? (प्रकाश २०:४-६)

प्रकाश २०:४-६ पढ्नुहोस्। मुक्ति पाएकाहरूले स्वर्गमा आदर्शराज्यको उपभोग गर्न पाउनेछ भन्ने प्रमाण ती पदहरूले हामीलाई कसरी देखाउँदछन्?

**सहस्रवर्षमा विशेष समूहको विशेष सहभागिता हुनेछ। विशेष समूह ती हुन् जो येशूको निम्ति गवाहि दिएको कारणले र परमेश्वरको वचनको निम्ति शिर काटिएका थिए। तिनीहरूले सैतानले खटाएका पशुलाई वा उनको कुनै मुर्तिलाई ढोगेका थिएनन् न त पूजा नै गरे। पशुको छाप वा टिका तिनीहरूको निधारमा थिएनन् न त तिनीहरूको हातमा (प्रकाश २०:४ रूपान्तरित)। सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले हामी यो विश्वास गर्दैनौं कि मानिस मऱ्यो भने उसको शरीरबाट उसको आत्मा छुटिन्छ र त्यो आत्मा जीवितै हुनेछ। तर विश्वासी जनहरू कस्तो खालको वेदना र महाकष्टमा गुज्रिरहेका थिए भनेर प्रकाश १२:१७-१३:१८ले बताउँदछन्। येशूको दोस्रो आगमनमा विश्वासको कारणले सताइएर मारिएका ती आत्माहरू (शरीर र आत्मा अर्थात् जीवनको सास) बौरि उठ्नेछन् र ख्रीष्टसँग स्वर्गमा तिनीहरूले राज गर्नेछन् (१ थेसलोनिकी ४:१५-१७सँग तुलना गर्नुहोस्)।**

सहस्रवर्ग वा आदर्श राज्यको समयमा अरू के हुन्छ भनेर प्रकाश २०:४मा हाम्रो ध्यानार्कषण गर्दछ। मुक्ति पाएकाहरूले न्यायको आसनमा बस्नेछन् भनेर त्यस पदले भन्दछ। विश्वासीहरू प्रभुसँग राज गर्नेछन् भने दुष्ट, अधर्मी छलि पापीचाहिँ दोस्रो आगमनको चमकमा

मर्नेछन् भन्ने जानकारी हामीलाई छ। तब न्यायको स्वभाव र उद्देष्य के हो त?

दोस्रो आगमनपूर्व येशूले स्वर्गको पवित्र मन्दिरमा गरिरहनुभएको कामसँग तिन विषयवस्तुहरूमा एक, मानिसहरूलाई गरिने न्याय जोडिएको छ भनेर गत अध्यायमा हामीले हेरेका थियौं। त्यस न्यायचाहिँ प्रकाश २०:४मा उल्लेखित न्याय भन्दा फरक छ। प्रकाश २०:४को न्यायचाहिँ मत्ती १९:२८मा ख्रीष्टले गर्नुभएको प्रतिज्ञा पूरा हुने हो। सन्तहरू संसारको न्याय गर्ने छ भन्ने पावलको भनाइसँग प्रकाश २०:४ समहमत भएको पाउँछौं (१ कोरन्थी ६:२,३)।

बाइबलमा उल्लेखित न्याय अत्यन्त अर्थपूर्ण छ र त्यसका धेरै पक्षहरू छन्। प्रथमतः अन्तिम न्यायका तिन भागहरू छन्। स्वर्गको पवित्र मन्दिरमा ख्रीष्टले गर्नुभएको पुजारीको कामसँग प्रथम् न्याय गाँसिएको छ। सेभेन्थ-डे एडभेन्टिस्ट मतका इसाईहरूले त्यसलाई इभेस्टिगेटिभ जडजमेन्ट अर्थात् छानविनको न्याय भनेर सम्वोधन गर्दछन्।(यो सन् १८४४ र येशूको दोस्रो आगमनपूर्व गरिने विश्वासीहरूको जीवनमा गरिने खोजतलासको न्याय जुन् एडभेन्टिस्ट मतका इसाईहरूले गम्भिर बाइबल अध्ययन पछि निश्कर्षमा पुगेको आत्मज्ञान हो)। विश्वास अर्को भाग सहस्र समयमा गरिने न्याय हो। प्रकाश २०:४ र १ कोरन्थी ६:२,३मा त्यस न्यायको भाग वयान गरिएको छ। त्यस भागमा मुक्ति पाएकाहरूले परमेश्वरको मार्गमा हिँडदा के भयो भनेर आफ्ना बारेमा छानविन गरेर हेर्ने अवसर पाउनेछन् र परमेश्वरको विरुद्धमा विद्रोह गर्नेहरूको गति कस्तो हुनेरहेछ भनेर थाहा पाउनेछन्। तेस्रो न्यायचाहिँ कार्यान्वन वा कार्यसम्पादन गरिएको न्याय भनिन्छ। यो अन्तिम न्यायचाहिँ सहस्रवर्षको अन्त्यमा हुनेछ।

यस अंशमा उल्लेख गरिएको बुँदामा ध्यान दिएर पढ्दा १ कोरन्थी ४:५ पनि पढ्नुहोस्। हाम्रो जीवनमा भएका धेरै जिज्ञासाहरू छन् ती सबैलाई हामी मेट्दैनौं। जवाफ नपाएका प्रश्नहरूको ओइरोको बाबजुद पनि हामीलाई के आशा ती अंशमा हाम्रो निम्ति तेर्स्याइदिएको छ?

## ३. सहस्रवर्षको अन्त्यमा हुने गतिविधिहरू (प्रकाश २०:७-९)

प्रकाश २०:७-९ पढ्नुहोस्। सहस्रवर्ष वा स्वर्गमा हजार वर्षसम्म बिताइएको आदर्शराज्यको समाप्त कुन् गतिविधिबाट अन्त्य हुन्छ भनेर ती पदहरूमा बताइएको छ? फेरि त्यसले परमेश्वरतिर फर्कन सैतानलाई कस्तो अन्तिम मौका दिइएको छ?

**झ्यालखानाको स्वरूपमा परिवर्तन भएको यस पृथ्वीबाट सैतानलाई सहस्रवर्षको अन्तमा फुकुवा गरिनेछ। अनि सहस्रवर्ष पहिले मरेका तर मुक्ति नपाएका दुष्टहरूको पुनरुत्थान हुनेछ (प्रकाश २०:५ रूपान्तरित)। इजकियल ३८:२बाट उदृध गरिएको "गग र मेगग" भन्ने शङ्केतात्मक शव्द प्रयोग गरिएको छ। त्यसको अर्थ सैतानले आफ्नो छलकपटको चर्तिकलाबाट मुक्ति नपाएका तर सहस्रवर्षपछि बौरि उठाइएका समूह जम्मा गरेर परमेश्वरका जनहरूलाई आक्रमण गर्न सुऱ्याउनु हो। ती युगौंदेखि दुष्ट हुन रोजेका समूह हुन्। ती संसारको सबै कुनाकाप्चामा दुष्ट काम गरेर सैतानका मतियार बनेर मरेका खराब मानिसहरूका जमात हुन्। तिनीहरू र सैतान मिलेर स्वर्गबाट यस पृथ्वीमा आउँदै गरेको विश्वासीहरूसाथ ख्रीष्ट रहनुभएको नयाँ येरुशलेम शहरलाई नाश गर्न आफ्ना अन्तिम अस्त्र वा अनेकौं क्षेप्यास्त्र प्रयोग गर्नेछन् (प्रकाश २०:९)। अनि स्वर्गबाट आगो वर्षेर तिनीहरूको नाश हुनेछ। यस पृथ्वी आगोले शुद्ध गरिनेछ। नयाँ येरुशलेमको बारेमा विस्तृत विवरण प्रकाश २१ अध्यायमा दिइएको छ।**

साधारणतया प्रकाशको पुस्तक चरणवद्धरूपमा समय तालिका पछ्याएको छैन भनेर अगाडि नै भनिएको छ। प्रकाश २०:११-१५ पढ्नुहोस्। न्यायको धारणा यहाँ कसरी प्रस्तुत गरिएको छ? अन्तिम न्यायको कार्यन्वन सहस्रवर्ष पछि र यहिँ पृथ्वीमा हुनेछ भन्ने तथ्य किन महत्त्वपूर्ण छ? प्रकाश २०:४ पढ्नुहोस्।

**"सहस्रवर्षको दौरानमा सन्तहरूले मुक्ति नपाएका र पतित स्वर्गदुतहरूको बारेमा समीक्षा अर्थात् छानविन गर्नेछन्। सारा जगतलाई समस्याको रूपमा रहेको पापको बारेमा न्यायिक छानविन हुनु अत्यन्त जरुरी छ। परमेश्वरप्रति आक्रामक निति लिएर बिद्रोह मचाएका सैतान र उसका मतियारहरूको इतिहासलाई जगतका अरू संसारका जीवहरूले**

बढो चासोका साथ हेरिरहेका छन् (अयूब १,२, एफिसी ३:१०)। त्यसकारण पापको सारा इतिहासलाई यस्तरी सम्हाल्नु आवश्यक छ कि सारा जगतले परमेश्वरको उचित न्याय र सजायँ देखेर संतुष्ट होस्। परमेश्वरको स्पष्ट तथा आदर्श चरित्र देखेर पनि तिनीहरू संतुष्ट हुनु आवश्यक छ। परमेश्वरले दुष्टहरूलाई कसरी सम्हाल्नु भयो भनेर मुक्ति पाएकाहरूले बुझ्नु धेरै आवश्यक छ। येशूको दोस्रो आगमनमा ती दुष्टहरू किन यसरी चिच्याउँदै 'सिहाँसनमा विराजमान हुनुहुने परमेश्वरको अनुहारबाट (प्रकाश ६:१६ रूपान्तरित) झर्ने चट्टानबाट हामीलाई बचाऊ' भनेर किन भाग्नु पर्‍यो? त्यो पनि मुक्ति पाएकाहरूले जान्नु पर्दछ। स्वइच्छाले मुक्तिबाट बंचित भएर दुष्ट बाटो अपनाउनेहरूलाई गरिने न्याय यथोचित नै रहेछ भनेर मुक्ति पाएकाहरू संतुष्ट हुनु आवश्यक छ। परमेश्वरको निर्णय उचित छ भनेर तिनीहरूले थाहा पाउनु पर्दछ।"-हाण्डबुक अभ सेभेन्थ-डे एडभेन्टिस्ट थियोलोजी (मेरिलाण्डः रिभ्यु एण्ड हेराल्ड पब्लिशिङ्ग आसोसियसन, २०००), पृ. ९३२बाट रूपान्तरित।

स्वइच्छाले परमेश्वरबाट टाडा रहेर मुक्ति चाहना नगर्नेहरूको बारेमा छानबिन गर्न मुक्ति पाएकाहरू पनि समावेश हुन्छ भन्ने धारणाले परमेश्वरको चरित्रको बारेमा हामीलाई के बताउँछ? येशू र सैतानको बीचमा भइरहेको महान् मतभेदको संग्रामको चित्रसँग उपरोक्त धारणा कसरी मिल्दछ?

## ४. नयाँ पृथ्वी (प्रकाश २१:१-५)

सैतान र उसका दुष्ट फौज यस पृथ्वी र जगतबाट सदाको लागि कसरी अन्त्य भयो भनेर विवरण दिन्दै प्रकाश २० अध्याय अन्त हुन्छ। अनि नयाँ स्वर्ग र नयाँ पृथ्वीको दर्शन दिँदै प्रकाश २१ सुरू हुन्छ।

परमेश्वरले सबै थोक नयाँ बनाउनुहुने प्रतिज्ञा प्रकाश २१:१-५मा समावेश भएको छ। उत्पत्तिको सृष्टिको कथासँग त्यो कसरी तालमेल भएको देखिन्छ? (उत्पत्ति १ र २)। फेरि प्रकाशमा उल्लेख गरिएको पुनःसृष्टि र उत्पत्तिको सृष्टिमा के भिन्नता छ?

प्रकाशको पुस्तकमा उल्लेख गरिएको “नयाँ" भन्ने शव्द फरक खालको छ। समयलाई हेर्दा त्यो कुनै “नयाँ" थिएन। बरू सुरूदेखि नै सारा सृष्टि नयाँ गर्ने परमेश्वरको प्रारम्भिक योजना मुताविक बन्ने नयाँ सृष्टि थियो। जबसम्म नयाँ पृथ्वीमा सबै थोक नयाँ सृष्टि गर्ने वाचा पूरा हुँदैन तबसम्म उत्पत्तिको पुस्तकमा वाख्या गरिएको परमेश्वरको सृष्टिको उद्देश्य पूरा हुँदैन। त्यसकारण सारा सृष्टि प्रसव वेदनाको चित्कारले भरिरहेको हुन्छ र पुरानो सृष्टिबाट राहत पाउन इच्छा प्रकट गर्दछ (रोमी ८:२०-२२)। नयाँ सृष्टि पुरानो भन्दा केहि हदमा फरक हुन्छ। तर ती दुईमा केहि समानता पनि हुनेछ। पुरानो जस्तै नयाँ पृथ्वी साँच्चिक्कै मानिसहरू भएको साँच्चिक्कै स्थान हुनेछ। त्यो कुनै मनगढन्ते वा काल्पनिक आदर्श राज्य हुनेछैन। नयाँ पृथ्वी पुनरुद्धार वा जिर्णोद्धार गरिएको पृथ्वी हुनेछ। त्यस पृथ्वीलाई आगोले शुद्ध पारेको हुनेछ (२ पत्रुस ३:१०-१३)।

नयाँ पृथ्वीको राजधानी नयाँ येरुशलेम हुनेछ। त्यसको प्रत्यक्ष्य चित्र थाहा पाउन प्रकाश २१:११-२२:५ पढ्नुहोस्। यूहन्नाले चित्रण गरेको शहर कुनै काल्पनिक नभएर ठोस सहर हो भनेर त्यस विवरणबाट कसरी थाहा हुन्छ?

एउटा कुरा स्पष्ट छ। हामीले कुनै मनगढन्ते वा हावाको महलको बारेमा चर्चा गरिरहेका छैनौं। त्यो शहर वास्तविक भौगोलिक स्थान हो। आँखाले देखिने जे कुरा छ त्यो अनित्य र खराब छ भनेर कतिपय धर्मदर्शनहरूले सिकाउँदछन्। अदृष्य आत्मिक कुरामात्र असल छ भनेर पनि तिनीहरूले सिकाउँदछन्। तर ती धारणासँग बाइबलको शिक्षा सहमत छैन। ठोस पदार्थ खराब छ भनेर बाइबलले सिकाउँदैन। हो, जे वयान गर्न चाहन्छ त्यो वयान गर्न शव्दहरू सिमित छन्। यद्यपि प्रेरणाबाट लेखिएको परमेश्वरको वचन केहि मात्रा भएतापनि हाम्रो निम्ति शिद्ध भविष्य पर्खिरहेको छ भनेर खुलासा गरिएको पाउँछौं। यस अशिद्ध र दुर्घट्नानै दुर्घट्नाले छाएको पृथ्वी यस्तै हुनुपर्छ भन्ने छैन भनेर हामीले सम्झनु अत्यन्त आवश्यक छ। यो पृथ्वी केवल अस्थाई मात्र हुन्। तर कस्तो यथार्थ र अनन्तको संसार हाम्रो निम्ति पर्खिरहेको छ भनेर प्रकाशको पुस्तकले चित्रण गर्दछ। यस संसारमा जन्मनु केवल मर्नुको

निम्ति मात्र हो भन्ने मनस्थिति बोकेका मानिस वा धर्मदर्शनको तुलनामा प्रकाशको पुस्तकले दिएको आशा कस्तो महान् छ, छैन त? (हामी क्षणिक जीउन यस संसारमा आएका होइनौं तर अनन्त जीवनको निम्ति जन्मेका हौं भन्ने विद्यालाई आत्मसात् गर्न तपाईं सक्षम् हुनुभयो भने तपाँईको जीवनचर्या कस्तो हुने थियो होला?-अनुवादकको जिज्ञासा)।

## ५. नयाँ पृथ्वीमा जीवन (प्रकाश २१:३)

"सिहाँसनबाट यस्तो चर्को स्वर मैले सुनें 'हेर, परमेश्वर मानिसहरूको बीचमा बास बस्नु भएको छ। उहाँ तिनीहरूसँगै रहनुहुनेछ र तिनीहरू उहाँका प्रजा हुनेछन्। परमेश्वर आफै तिनीहरूसँग रहेर तिनीहरूका परमेश्वर हुनुहुनेछ।" (प्रकाश २१:३ रूपान्तरित)। नयाँ पृथ्वीमा मानिसहरूको जीवनशैली अर्थात् अनुभव कस्तो होला भनेर त्यस पृथ्वीको महिमित तथा सुन्दर वयानले हामीलाई कसरी आभास दिन्छ?

दर्शन देख्ने युहन्नाले प्रकाश २१मा वर्णन गरेको अचम्मको दर्शन शायद सम्पूर्ण बाइबलमा अर्को नहुनसक्छ। नयाँ पृथ्वी केवल मानिसहरूको निम्ति मात्र होइन परमेश्वरको निम्ति घर हुनेछ। मुक्ति पाएका जनसमूदायलाई आशिष दिन जगतका पवित्र परमेश्वर तिनीहरूकै बीचमा आसिन हुनुहुनेछ रे ! हो, परमेश्वर मानिसहरू भन्दा विशेष गरेर अलगै हुनुहुनेछ। तर पापले गर्दा मानिस र परमेश्वरको बीचमा रहेको फाटो नयाँ पृथ्वीमा हट्नेछ।

परमेश्वर र मानिसको बीचमा हुनुपर्ने सत्य सङ्गती त्यस समय पुनः चालु हुनेछ। परमेश्वर र मानिसको बीचमा मात्र होइन मानिस मानिसको बीचमा र प्रकृतिसँग पनि सम्वन्ध सौहाद्र हुनेछ। कुनै किसिको श्राप त्यहाँ हुनेछैन। मृत्यु, पाप, बिमार, कष्ट आदि सदाको निम्ति सखाप हुनेछ (प्रकाश २२:३)। जन्तु जनावर र मानिसको बीचमा हुने डर पनि हट्नेछ (यशैया ६५:२५)।

परमेश्वरसँगको मानिसहरूले गाँस्नु पर्ने मैत्रता वा सङ्गती पुनः चालु हुनेछ। बर्तमान सृष्टिले चित्कार गरिरहेको बेदनाको अन्त्य हुनेछ। त्यसको अर्थ सबै खराबी कुराहरू जस्तै रोग व्याधी, मृत्यु, कष्ट,

बिगार आदिले मानिसहरूलाई दुःख दिनेछैन (रोमी ८:२१, प्रकाश २१:४)।

यसै सन्दर्भमा भजन ८ पढ्नुहोस्। यस अध्ययन पुस्तिकामा अध्ययन गरेको विषय वस्तुलाई समर्थन दिन त्यस भजनले हामीलाई कस्तो सन्देश दिन्छ?

नयाँ पृथ्वीमा परमेश्वरको उपस्थिति हुन्छ र त्यहाँको जीवन कस्तो हुन्छ भन्ने कुरो यस्तो महान् छन् कि हामीले त्यसको कल्पना नै गर्न सक्दैनौं। उदाहरणमा अहिलेको सृष्टिको बारेमा विज्ञानले कति कुराहरू खुलासा गरेका छन् कि त्यसमा हामीले परमेश्वरको महानताको वर्णन गर्न साध्ये नै छैन। विभिन्न भूउपग्रह र वैज्ञानिक औजारहरूद्वारा जे जगत देख्छौं त्यो केवल सानो भाग मात्र हो। जगतमा रहेका तारा मण्डल र ग्रहहरू करौंडौ प्रकाश वर्ष टाडा छन् भनेर हामीलाई सिकाइएको छ। तर आज हामी जे देख्छौं यस विशाल जगतको केवल सात प्रतिसतमात्र देखिरहेकाछौं भनेर वैज्ञानिकहरूले अनुमान गरिरहेकाछन्।

एक छिन रोक्नुहोस् र सोच्नुहोस्: यस अथाह जगतका सृष्टिकर्ता हाम्रो निम्ति मर्नुभयो र अनन्तसम्म उहाँ हामीसँग रहनुहुनेछ रे! साँच्चिकै भनौं भने हामीहरूको पतित दिमागको सिमित ज्ञानले त्यस महान् सत्यको बारेमा सोच्न सक्षम् पनि छैन, त्यसकारण केहि हदसम्म त नसोच्न पनि जाती हुन्छ होला। बरू हामीलाई सृष्टि गर्नुहुने सृष्टिकर्ता, मुक्तिदाताको सामु लम्पछार परेर ढोग्नु पर्दछ, उहाँको उपासना गर्नुपर्दछ, उहाँको भजन गाउनु पर्दछ। सदा सदा हाम्रो माझमा उहाँ हुनुहुनेछ भन्ने उहाँको बाचाको आत्मज्ञानले हामीलाई भावविभोर पार्नुपर्दछ।

## उपसंहार:

थप जानकारी: "पुरानो करारको पवित्र मन्दिरको सेवाकार्यमा मूल पुजारीले इस्रायलीहरूको पापको निम्ति बलि पूजा गरिन्थ्यो। वर्षको एक फेरा विशेष गरेर प्रायश्चितको पर्वमा मूल पुजारीले मन्दिर भित्र आफ्नो काम सकेपछि बाहिर आएर त्यहाँ उपस्थित जनसमूदायलाई आशिष दिन्थ्यो। ख्रीष्टले पनि स्वर्गको मन्दिरमा मूल पुजारीको हैशियतले

गरिरहनुभएको काम सिध्याउनुहुनेछ। अनि मुक्तिको निम्ति मानिसको कुनै पापको दाग नबोकी (हिब्रू ९:२८) अनन्त जीवनको प्रतिक्षामा रहेका जनसमूदायलाई आशिष दिन उहाँ देखा पर्नुहुनेछ। पौराणिक कालको पवित्र मन्दिरमा दुषित पारेको पाप हटाउन पुजारीले शाङ्केतिक रूपमा त्यो पाप जङ्गलमा छाडा छोडिने बाख्राको टाउकोमा राखिन्थ्यो। त्यहि अनुरूप ख्रीष्टले पनि सारा पापहरू सैतानलाई थुपारी दिनुहुनेछ किनकि उसैले पाप सुरुवात गरेको थियो। पापको भार बोकाउँदै पुरानो करारको बाख्रालाई कोहि पनि मानिस नभएको ठाँउमा छोडिदिन्थ्यो (लैब्य १६:२२ रूपान्तरित)। त्यसरी नै परमेश्वरका जनहरूलाई पाप गर्न लगाउने सैतानमाथि सम्पूर्ण पापको दोष उसमाथि थुपारिनेछ र हजार वर्षसम्म उजाड भएको यस पृथ्वीमा उसलाई थुनिनेछ। धोका दिनको निम्ति यस पृथ्वीमा कोहि पनि मानिस हुँदैन। सारा पृथ्वी मरुभूमीको रूपमा परिणत हुनेछ। अनि त्यसपछि सारा पापको पूरा सजायँ सैतानले भोग्नेछ जब उसलाई र उसका दुष्ट मतियारहरूलाई ध्वस्त पार्न स्वर्गबाट आगो वर्षिने छ।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्षी,* पृ. ४८५,४८६बाट रूपान्तरित।

"स्वर्गको घर पनि यस पृथ्वीकै जस्तै हुनेछ भनेर त्रसित पार्ने गलत शिक्षाले गर्दा धेरै मानिसहरू स्वर्गमा हामीले पाउने आदर्श घरबाट बंचित भइरहेको पाइएको छ। कतिपय मानिसहरूको आफ्नै तर्कले गर्दा बाइबलले सिकाएका खास सत्यलाई ओझेलोमा पारेको छ। परमपिता परमेश्वरको घरमा आफ्ना जनहरूको निम्ति दरवार तयार पार्न आफू जान्दैछु भनेर ख्रीष्टले उहाँका चेलाहरूलाई बाचा दिनुभएको थियो। जसले परमेश्वरको बचन बाइबलको शिक्षालाई आत्मसात् गर्छ त्यसले स्वर्गमा हुने घरको बारेमा केहि ज्ञान प्राप्त गर्न सक्छ। मुक्ति पाएका धर्मात्माहरूको निम्ति साँचिराखेको इनामको बारेमा वर्णन गर्न मानव लवज पुग्दैन। जसले देख्छ उसले मात्र थाहा पाउनेछ। स्वर्गमा हाम्रो निम्ति तयार पारेको सुरक्षित घरको महिमा र सुन्दरतालाई कुनै पनि मानव वौद्धिक ज्ञानले बुझ्न सक्दैन। -एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्षी,* पृ. ६७४,६७५बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. सहस्रवर्ष वा आदर्शराज्यको बारेमा इसाई मण्डलीको शिक्षाभित्र तिन आधारभूत धारणाहरू छन्: (१) प्रथम् र दोस्रो आगमनको बीचमा हुने युग (२) ख्रीष्ट दोस्रोपल्ट आउनु भन्दा पहिले यस पृथ्वीमा हुने लामो समयसम्मको शान्ति र धार्मिक जीवन। र (३) यस संसारमा ख्रीष्टको दोस्रो आगमनको लगत्तै स्वर्गमा हुने सहस्रवर्षको आदर्शराज्य। सेभेन्थ-डे एडभेन्टिस्टहरूले तेस्रो धारणालाई विश्वास गर्दछन्। हजार वर्षसम्म आदर्शराज्य स्वर्गमा हुन्छ पृथ्वीमा होइन भनि हामी दावी गर्दछौं। कतिपय इसाईहरूले यसै पृथ्वीमा आदर्शराज्य हुन्छ भनेर सिकाउँदछन्। यस तेस्रो धारणा बाहेक अरू धारणालाई विश्वास गरियो भने के समस्याहरू खडा हुनसक्छन्?

आ. प्रकाश २१:२७मा स्पष्ट रूपमा यो लेखिएकोछ "थुमाको जीवनको पुस्तकमा नाउँ लेखिएकाहरूबाहेक कुनै अशुद्ध कुरा घृणित काम गर्ने र झुट बोल्ने कुनै किसिमले पनि त्यस भित्र पस्न सक्नेछैन।" मुक्ति पाउन स्वइच्छाले अश्विकार गर्नेहरू र दुष्टहरू नयाँ येरुशलेममा किन पस्न दिइनेछैन? के तपाईंले बुझ्नुहुन्छ?

इ. विश्वको धार्मिक तथा दार्शनिक इतिहासमा कतिपय मानिसहरूले आदर्शराज्य स्थापना गर्न खोजेको पाइन्छ। कुनै त्यसको उदाहरण तपाईंलाई थाहा छ? ती कठित राज्यहरू स्थापना गर्न खोज्दा के भयो? तिनीहरू कसरी असफल भए? हाम्रो संसारको भविष्य परमेश्वरमा मात्र छ भन्ने धारणाले ती असफल राज्यहरूले कसरी पुष्टि गर्दछ?